माननीय मन्त्रीस्तरबाट मिति २०८१।०७।३० मा स्वीकृत

## जीवनाशक विषादीको व्यावसायिक इजाजतपत्रका लागि तालिम संचालन कार्यविधि, २०८१

**प्रस्तावना:** पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्रका लागि आवश्यक पर्ने तालिम लिन चाहने व्यक्ति, संस्था वा निकायलाई इजाजतपत्र प्रदान गर्नुअघि केन्द्रले विषादी सम्बन्धी प्राविधिक जानकारी दिनुपर्ने कानूनी प्रावधान कार्यान्वयन गर्नु आवश्यक भएकोले,

जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "जीवनाशक विषादीको व्यावसायिक इजाजतपत्रका लागि तालिम संचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "ऐन" भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनःप्याकिङ्ग गर्न नियमावलीको नियम ११ को उपनियम (३) बमोजिम दिएको इजाजतपत्र सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले ऐनको दफा १४ को उपदफा (१) बमोजिम स्थापित प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र सम्झनु पर्छ ।

(घ) "तालिम" भन्नाले दफा ३ बमोजिम संचालन हुने तालिम सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ सम्झनु पर्छ ।

(च) "परीक्षा" भन्नाले दफा ३ को उपदफा (३) बमोजिम संचालन हुने परीक्षा सम्झनु पर्छ ।

(छ) "प्याकिङ्ग वा पुनः प्याकिङ्ग" भन्नाले नियमावलीको नियम २ को खण्ड (च) बमोजिम जीवनाशक विषादीको गुणस्तर बिग्रन नदिई सुरक्षित तवरले स्वीकृत कन्टेनरमा राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले प्याकिङ्ग भई आएको जीवनाशक विषादी उपयुक्त मात्रामा स्वीकृत कन्टेनरमा गुणस्तर बिग्रन नदिई



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

सुरक्षित तवरले पुनः राख्ने कार्य वा पुनः प्याकिङ्ग गर्ने कार्य समेतलाई जनाउँछ।

(ज) "प्रमुख" भन्नाले ऐनको दफा १६ बमोजिम तोकिएको जीवनाशक विषादीको पञ्जीकरण तथा व्यवस्थापन प्रमुख सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद -२

## तालिम सञ्चालन प्रक्रिया

३. **केन्द्रले तालिम संचालन गर्ने** : (१) केन्द्रले जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्गको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ग), नियम १२ र नियम १३ को उपनियम (१) को खण्ड (ङ) को प्रयोजनको लागि तालिम संचालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको पाठ्यक्रम एवम् अवधि देहाय वमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, प्याकिङ्ग वा पुनः प्याकिङ्गको हकमा अनुसूची -१ बमोजिम,

(ख) जीवनाशक विषादीको ओसारपसारको हकमा अनुसूची -२ बमोजिम,

(ग) नियम १३ को उपनियम (१) को खण्ड (ङ) मा तोकिएबमोजिमको पुनर्ताजगी तालिमको हकमा अनुसूची -३(क) र (ख) बमोजिम ।

(३) तालिमका सहभागीले उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको तालिमको पाठ्यक्रममा आधारित रहि केन्द्रबाट लिइएको लिखित परीक्षामा सहभागी हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको परीक्षामा कम्तीमा ५० प्रतिशत प्राप्ताङ्क सहित उत्तीर्ण भएका सहभागीलाई मात्र केन्द्रबाट अनुसूची -४ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गरिनेछ। साथै, यसै प्रमाणपत्रमा उपदफा (२) को खण्ड (ग) बमोजिमको तालिम लिएको विवरण समेत अद्यावधिक गरिनेछ।

(५) केन्द्रले संचालन गरेका सबै तालिमहरुको सन्दर्भ नम्बर (Reference Number) उल्लेख गरी सो अन्तर्गतका सहभागीहरुको विस्तृत विवरण, परीक्षामा सहभागी हुने प्रशिक्षार्थीको व्यक्तिगत विवरण तथा प्राप्ताङ्क सम्बन्धी विवरण, उपदफा (४) बमोजिम जारी गरिएका प्रमाणपत्र तथा यसको अध्यावधिक सम्बन्धी विवरण लगायतका अन्य विवरणहरु अभिलेखीकरण गरी प्रमुखबाट स्वीकृत गराइ सुरक्षित राख्नु पर्नेछ ।

४. **तालिमको लागि आवेदन दिनेः** (१) पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम तालिम प्राप्त व्यक्ति नभएको अवस्थामा नियमावलीको अनुसूची -६ बमोजिमको निवेदनका अतिरिक्त उक्त तालिमका लागि निर्धारित योग्यता भएको व्यक्तिको थप विवरण सहित केन्द्र समक्ष अनुसूची -५ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव